# मोवाइल सेटको IMEI दर्ता सम्बन्धमा
# नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको सूचना

मोवाइल सेटको गैरकानूनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरूत्साहित गरी यसलाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि नेपालमा मोवाइल सेटको आयात गर्नु पूर्व अनिवार्य रूपमा प्राधिकरणबाट स्तर स्वीकृती (Type Approval) गर्नुपर्ने तथा IMEI नं दर्ता गर्नुपर्ने प्रावधान भएको एवं नेपाल दूरसञ्चार प्राधिकरणबाट मोवाइल डिभाइस म्यानेजमेन्ट सिस्टम लागू गर्ने गरी कार्य तिब्रताका साथ अघि बढेको सन्दर्भमा देहाय बमोजिम स्पष्ट गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि सूचित गरिएको छ ।

- व्यवसायिक हिसावले नियमानुसार आयात भई नेपालमा नै खरिद भई प्रयोगमा रहेका मोवाइल सेटका हकमा ग्राहकले हाल पून: IMEI दर्ता गर्नु नपर्ने ।
- धेरै मोवाइलका ग्राहकहरूलाई प्रयोगमा रहेका आफ्नो सेटको IMEI दर्ता गर्नुपर्ने हो कि भनी भ्रम तथा अन्योल उत्पन्न भई यस प्राधिकरणमा सम्पर्क गर्ने क्रम बढेको तथा प्राधिकरणको वेबसाइटमा उपलब्ध लिंक https://eir.nta.gov.np/main/individual मा दर्ता गर्ने क्रम पनि अत्यधिक वृद्धि भई उक्त प्रणालीमा प्राविधिक समस्या उत्पन्न भई दर्ता प्रक्रियामा अवरोध भएको र प्राधिकरण उक्त प्रणाली शिघ्र सुचारू गर्न प्रयासरत रहेको तथा उक्त प्रणाली सुचारू हुन केहि समय लाग्ने ।
- व्यक्तिगत तवरले बिदेशबाट आयात भई प्रयोग भैरहेका सेटको हकमा ग्राहकको दूरसञ्चार सेवा अवरूद्ध नहुने गरी व्यवस्था मिलाइने र अवरूद्ध IMEI दर्ता प्रणाली सुचारू भएपछी थप उचित समय प्रदान गरी IMEI दर्ता गर्ने प्रबन्ध मिलाइने । हाल अवरूद्ध IMEI दर्ता प्रणालीका कारण ग्राहकमा पर्न गएको असुविधा प्रति प्राधिकरण क्षमाप्रार्थी छ ।
- नेपालमा मोवाइल सेट खरिद गर्दा नियमानुसार आयात भई प्राधिकरणमा IMEI दर्ता भएका मोवाइल सेट खरिद गर्न तथा अनिवार्य रूपमा VAT बिल लिई खरिद गरी अनावश्यक झन्झट एवं अन्योलबाट मुक्त हुन सम्बन्धित सबैलाई अनुरोध गर्दछौ ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
जमल, काठमाडौं
फोन नं. : ०१-५३५५४७४, ५५३४७१७
वेभसाइट : www.nta.gov.np
इमेल : info@nta.gov.np